धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाइबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ५० ◆ २०८३ भदौ २१ आइतबार ◆ Sunday, September 6, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## खाद्य सुरक्षा, स्वच्छता र उपभोक्ता अधिकारलाई ध्यान दिन प्रशासनको आग्रह

❑ *प्रत्यूष समाचारदाता*

बागमती । जिल्ला प्रशासन कार्यालय मकवानपुरले नागरिकको खाद्य सुरक्षा, स्वच्छता र उपभोक्ता अधिकारलाई ध्यान दिन सरोकार भएका सबैमा आग्रह गरेको छ ।

पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभीर खण्ड बाढी–पहिरोका कारण अवरुद्ध भएपछि त्रिभुवन राजपथ र कान्ति राजमार्ग बाट यातायात सञ्चालन भइरहेका अवस्थामा प्रशासनले ती राजमार्ग तथा वैकल्पिक मार्गअन्तर्गतका सडक छेउछाउ तथा बजारमा खाद्य सुरक्षा, स्वच्छता र उपभोक्ता अधिकारलाई ध्यान दिन आग्रह गरेको हो ।

प्रशासकीय अधिकृत सन्तोष सुवेदीले जारी गर्नुभएको सूचनामा राजमार्ग आसपासका होटेल, रेस्टुरेन्ट, पसल तथा केही व्यवसायीबाट नागरिकको खाद्य सुरक्षा, स्वच्छता र उपभोक्ता अधिकारको बेवास्ता गर्दै यात्रुहरूसँग फरक परिस्थितिको फाइदा उठाउन चर्को मूल्य असुली गर्ने, मूल्य सूची नराख्ने, मापदण्ड विपरीत तथा अखाद्य र अस्वस्थ खानेकुरा बिक्रीवितरण गर्नेलगायत गुनासो प्राप्त भएको उल्लेख गरिएको छ । प्रशासनले सवारी आवागमन लाई सहज, सुरक्षित तथा व्यवस्थित बनाउन मालवाहक तथा ठूला यात्रुवाहक सवारीसाधन त्रिभुवन राजपथ हुँदै काठमाडौँतर्फ जाने र कान्ति राजमार्ग हुँदै फर्किने, साना यात्रुवाहक सवारीसाधन भीमफेदी–कुलेखानीको बाटो काठमाडौँ आवतजावत गर्ने व्यवस्था मिलाएको छ ।

व्यवसायी/विक्रेतालाई त्यस्तो नगर्नुहुन तथा त्यस्तो गतिविधि गरेको पाइए प्रचलित कानुन बमोजिम कडा कारबाही गरिने गरिने उल्लेख गर्दै प्रशासकीय अधिकृत सुवेदीले यात्रु तथा उपभोक्ताले पनि बिल/रसिद लिएर मात्र भुक्तानी गर्ने, मूल्य सूची जाँच गर्ने र अनियमितता/कैफियत देखिएमा तत्काल नजिकको प्रहरी चौकी वा जिल्ला प्रशासन कार्यालय मा जानकारी गराउन पनि सबैमा अनुरोध गर्नुभयो ।

## एघार दिनपछि एक महिलाको सकुशल उद्धार

❑ *प्रत्यूष समाचारदाता*

नुवाकोट । भोटेकोशी हुँदै त्रिशुली नदीमा गएको बाढीमा फस्नुभएका एक महिलाको ११ दिनमा सकुशल उद्धार गरिएको छ ।

सशस्त्र प्रहरी बल १९ नं गुल्मबाट बाढी प्रभावित क्षेत्रमा सशस्त्र प्रहरी निरीक्षक सुमन विकको नेतृत्वमा खटिएको टोलीले विदुर नगरपालिका–१० बेत्रवतीबाट ६४ वर्षीया चन्द्रिका श्रेष्ठलाई घरको चौथो तलाबाट उद्धार गरेको हो । गुल्मका प्रमुख, सशस्त्र प्रहरी नायब उपरीक्षक वीरेन्द्र राउतका अनुसार बाढीबाट प्रभावित बस्तीका घरमा रहेका सामग्री हटाई सहयोग गर्न पुगेको उद्धार टोलीले घरबाट महिलाको आवाज सुनेपछि त्यसलगत्तै उहाँको उद्धार गरिएको हो ।

उहाँ हिलोमा गाडिएको अवस्थामा हुनुहुन्थ्यो । थप उपचारको लागि श्रेष्ठलाई काठमाडौँ पठाइएको छ ।

## 'बोटलिङ' गरी खानापकाउने 'एलपि ग्यास' ढुवानी गरिँदै

चितवन । पृथ्वी राजमार्गको कृष्णभिरमा सडक भासिएपछि काठमाडौँ उपत्यकामा भएको ग्यासको अभावलाई हटाउन उद्योगीहरू सक्रिय भएका छन् । उनीहरूलाई नेपाल आयल निगमले उपत्यका बाहिर 'बोटलिङ' गरी सिलिण्डर ल्याउन अनुमति दिएपछि सोही अनुसार उद्योगीहरू लागेका हुन् ।

नेपाल एलपी ग्यास उद्योग सङ्घका अध्यक्ष दिवान चन्द, निवर्तमान अध्यक्ष शिव घिमिरे, पूर्वअध्यक्ष गोकुल भण्डारी, सदस्य विमल कालाखेती लगायतले मकवानपुरका ट्रक व्यवसायीसँग छलफल गरी ढुवानीलाई सहज बनाउन लागेका हुन् । सङ्घका पूर्वअध्यक्ष भण्डारीका अनुसार संघीय राजधानी बाहिरका उद्योगमा खाली सिलिण्डर कम छ । संघीय राजधानीमा खालि भएका सिलिण्डर लाई ट्रकमा राखेर उद्योगसम्म ल्याउनु पर्ने हुन्छ । तीनै ट्रकमार्फत भरेका सिलिण्डर उपत्यका लैजानु पर्ने हुन्छ । नेपाल ग्यासका सञ्चालक रहनुभएका भण्डारीका अनुसार उहाँको उद्योगको सिलिण्डर चितवनमा रहेको नेपाल ग्यास गण्डकीमा 'बोटलिङ' गर्ने काम भइरहेको छ । सिलिण्डरको अभावमा मागअनुसार भर्न सकिएको छैन । नेपाल ग्यासले उपत्यकामा दैनिक ११ हजार सिलिण्डर बिक्री गर्दै आएको छ । उहाँका अनुसार केही दिन भित्रमानै आठदेखि १० हजार शिलिण्डर दैनिक काठमाडौँ लैजाने गरी तयारी गरिएको छ । सङ्घका सदस्य विमल कालाखेतीका अनुसार अन्य उद्योगले पनि ट्रकमा खालि सिलिण्डर उपत्यका बाहिर ल्याएर 'बोटलिङ' गरेर लैजान थालेका छन् ।

## दुई करोड मूल्य बढीको एप्पल एयर वर्डस बरामद

काठमाडौँ । सशस्त्र प्रहरीले महोत्तरीको सोनमा गाउँपालिका–६ मगरथानाबाट शनिबार करिब रु दुई करोड ४० लाख बराबरको 'एप्पल एयर वर्डस' (एप्पल कम्पनीले निर्माण गरेको बिना तारको एयरफोन) बरामद गरेको छ ।

अवैधतरिकाले नेपालतर्फ ल्याउँदै गरेको एक हजार २०० थान एयर वर्डस सशस्त्र प्रहरी बल नेपाल नं ९ गण महोत्तरी, सीमा सुरक्षा गुल्म रघुनाथपुर र बोर्डर आउट पोष्ट खैरवनीले संयुक्त रूपमा बरामद गरेको हो ।

उक्त सामान ल्याउने व्यक्ति भने सशस्त्रको गस्ती टोलीलाई देख्नासाथ फरार भएका सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो । बरामद सामग्री सम्बन्धित निकायमा बुझाउने तयारी भइरहेको छ ।

## रसुवा बाढीपछि नुवाकोटका चार बस्ती जोखिममा

त्रिशूली । भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीको बहावपछि नुवाकोटको चार स्थानका बस्ती उच्च जोखिममा परेका छन् । त्रिशूली नदीको बहाव परिवर्तन सहित पटक–पटक आएको बाढीले जग्गा कटान गर्न थालेपछि ती बस्ती जोखिममा परेका हुन् ।

जिल्लाको पश्चिमतर्फ रहेको तारकेश्वर गाउँपालिका–४ को दर्शनटार क्षेत्रको बस्ती सबैभन्दा बढी प्रभावित भएको नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले जानकारी दिनुभयो । उहाँको अनुसार १०० भन्दा बढी घरधुरी बसोबास गर्दै आएको दर्शनटार सहित आसपासका बस्ती जोखिममा परेको हो ।

हालैको बाढीबाट विदुर नगरपालिका–१ को बान्द्रे, वडा नं ४ स्थित बसपार्क, बेलकोटगढी नगरपालिका–७ स्थित छब्बिसेको बस्ती र सार्वजनिक भौतिक संरचनामा क्षति पुगेको नुवाकोट जिल्ला प्रशासनले जनाएको छ ।

नदीको कटान निरन्तर भइरहेका स्थानका बस्ती तत्कालै खाली गरेर उनीहरुलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि सम्बन्धित पालिकालाई ध्यानाकर्षण गराएको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक तथा प्रजिअ रेग्मीले जानकारी दिनुभयो । नदीले कटानको बस्तीसहित उक्त स्थानमा रहेका सामुदायिक तथा सार्वजनिक संरचनामा समेत क्षति पुगेको छ ।

सो क्रममा बेलकोटगढी–७ को छब्बिसेमा बस्तीसहित गल्छी–रसुवागढी सडक योजनाअन्तर्गतको गल्छी–देवीघाट सडक खण्डलाई क्षति पुर्‍याएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । भदौ १० को बाढीबाट बचेको संरचनालाई समेत निरन्तर नदी कटानका कारण प्रभावित तुल्याएको छ । अहिले गल्छी–देवीघाट सडकखण्डमा यातायात सञ्चालन कार्यमा रोक लगाइएको छ । नदीको कटानले स्थानीय बसपार्क सहित नेपाल विद्युत् प्राधिकरणले उक्त स्थानमा निर्माण गरेको 'चार्जिङ स्टेशन', विदुर नगर पालिकाले निर्माण गरेको कोसेली घरसहितको संरचना पनि जोखिममा परेको छ ।

यसैबीच, भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको भीषण बाढीले जग्गा कटान गरेको, भवनसहितका भौतिक संरचना ध्वस्त बनाएको अवस्थामा बाढीबाट प्रभावित बासिन्दालाई सुरक्षित स्थानमा स्थान्तरण गर्न जिल्ला विपद् व्यवस्थापन समिति लगायतका विज्ञहरुले सरकारको ध्यानाकर्षण गरेको छ ।

## माथिल्लो त्रिशूली जलविद्युत् आयोजनाबाट एक चिनियाँ नागरिकको जीवितै उद्धार



भोटेकोशी नदीमा गएको भीषण बाढीका कारण उक्त आयोजनामा ठूलो क्षति पुगेको थियो ।

नुवाकोट माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजनाबाट एक जना चिनियाँ नागरिकको जीवितै उद्धार गरिएको छ ।

नेपाली सेना र कोरियाको 'डिजास्टर' टोलीले शोमबार दिउँसो १:२० बजे आयोजनाको अडिट–४ टनेलबाट चिनियाँ नागरिकको उद्धार गरेको नेपाली सेनाले जनाएको छ । गत भदौ १० गते रसुवाको

## बाढीमा परी दिवङ्गत भएकाहरूको चिर शान्तिको कामना गर्दै शान्ति र्‍याली



बागमती । हिमालयन राइडर्स सोसाइटी, हेटौँडाले भोटेकोशीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायत स्थानमा ज्यान गुमाएका व्यक्तिहरू को आत्माको चिरशान्तिको कामना गर्दै आइतबार हेटौँडामा शान्ति र्‍याली गरेको छ ।

संस्थाको पाँचौं साधारण सभा समेतको अवसर पारी हेटौँडा उपमहानगरपालिका–४ स्थित भुवनेश्वर पशुपति मन्दिरबाट सुरु भएको शान्ति र्‍याली फोरेष्ट्री गेट, मेनरोड, बुद्ध चोक, नगरपालिका रोड, मनकामना चोक, भैरव रोड हुँदै पुनः भुवनेश्र पशुपति मन्दिर पुगी सभामा परिणत भएको थियो । प्राकृतिक विपद्मा परी दिवङ्गत हुनुभएका व्यक्तिहरूको आत्मा चिरशान्ति, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभका साथै सम्पर्कविहीन हुनुभएका व्यक्तिहरूको सकुशल परिवारसँगको मिलनको कामना गर्दै शान्ति र्‍याली आयोजना गरिएको हिमालय राइडर्स सोसाइटीका अध्यक्ष राजु थापा मगरले जानकारी दिनुभयो । कार्यक्रममा भुवनेश्वर पशुपति मन्दिर व्यवस्थापन समितिका अध्यक्ष जगन्नाथ पाण्डे, रमेशबहादुर कोइराला लगायतले संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको थियो । उक्त अवसरमा संस्थामा आबद्ध दश जना व्यक्तिलाई आजीवन सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो ।

## स्कुटर र मिनी ट्रक ठोक्किँदा एक जनाको मृत्यु

❑ *प्रत्यूष समाचारदाता*

चितवन । चितवनको रत्ननगर नगरपालिका–९ टिकौली जङ्गलस्थित पूर्व–पश्चिम राजमार्गमा स्कुटर र मिनी ट्रक एकापसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । शनिबार गएराति टाँडीबाट भरतपुरतर्फ आउँदै गरेको लुप्र०१–००१ख ००४५ नम्बरको मिनी ट्रक र भरतपुरबाट टाँडीतर्फ जाँदै गरेको ना३७प ७०९६ नम्बरको स्कुटर एकापसमा ठोक्किएका थिए ।

दुर्घटनामा स्कुटर चालक राप्ती नगरपालिका–७ निवासी ३८ वर्षीय राजकुमार दर्जी गम्भीर घाइते भई उपचारका लागि चितवन मेडिकल कलेज, भरतपुर लगिएकामा उपचारका क्रममा आज बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक चन्द्रभुसन यादवले जानकारी दिनुभयो ।

प्रहरीले मिनी ट्रक र चालक रुपन्देहीको गैडहवा गाउँपालिका–७ निवासी ४० वर्षीय रामेश्वर खरविन्द्रलाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको छ । रसुवाको भोटेकोशीमा आएको बाढीपछि चितवन ठेगाना भई हराइरहेकामध्ये हालसम्मका ११ जनाको विवरण सार्वजनिक गरिएको छ । जिल्ला प्रहरी कार्यालय चितवनका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक यादवका अनुसार हालसम्म चितवन ठेगाना भएका ११ जना बाढीमा हराएका जानकारी प्रहरीमा आएको छ ।

हराइरहेकामा भरतपुर महानगरपालिका–५ तोरीखेतका ४० वर्षीय महेश नेपाली, भरतपुर–१६ फुर्तिचोकका ४० वर्षीय विकासबाबु अधिकारी, खैरहनी नगरपालिका–६ पर्साका ३१ वर्षीय रिकेशकुमार श्रेष्ठ, माडी नगर–पालिका–६ कल्याणपुरका ७० वर्षीय कृष्णराज अर्याल, राप्ती नगर पालिका–८ खुर्कुरेका ५१ वर्षीय योगबहादुर खड्का, भरतपुर–२३ जगतपुरका ४१ वर्षीय केशवराज चलिसे, हाल भरतपुर–५ छमुखेचोक बस्दै आएका लमजुङ को बेँसीसहर नगर पालिका–१ का २३ वर्षीय सुगम सिलुवाल, रत्ननगर–१२ सालघारीका १४ वर्षीय गेहित सुनार, रत्ननगर–२ का ४६ वर्षीय अर्जुनकान्त थपलिया, माडी–८ फकरेटाकी ३५ वर्षीया सुमित्रा भण्डारी थापा र भरतपुर–७ कृष्णपुरका ३६ वर्षीय विक्रम उपाध्याय रहेका छन् ।

*सम्पादकीय ....*

## सन्दर्भ हिमाली जोखिमको

नेपालमा हिमाली जोखिमको बहस गर्दा प्रायः ठूला हिमतालतर्फ मात्र ध्यान जान्छ। कुन हिमताल ठूलो छ, कुन फुट्न सक्छ भन्ने प्रश्न स्वाभाविक रूपमा अगाडि आउँछ। तर जोखिमको अर्को कम चर्चित तर भयावह पाटो देखाउँछ। हिमनदी आफैँ गतिशील छ र त्यसको सतहमा मात्र होइन, भित्र र तल पनि पानी तथा बरफको जटिल प्रणाली हुन्छ।

हिमनदीभित्र पानी बग्ने ठूला सुरुङहरू अवरुद्ध हुँदा अस्थायी इन-ग्लेसियल ताल बन्न सक्छन्। हिमनदीको सतहमाथि पानी जम्मा भएर साना सुप्रा-ग्लेसियल पोखरीहरू बन्न सक्छन्। त्यसैगरी हिमनदी पछाडि हट्दै जाँदा अगाडि थुप्रिएको टर्मिनल मोरेनले पानी थुनेर ठूला मोरेन-ड्याम्ड ताल बनाउन सक्छ। यी विभिन्न प्रकारका तालहरूको संरचना र जोखिमलाई अलग-अलग बुझ्नुपर्छ।

यसको अर्थ नेपालले केवल नक्सामा देखिएका ठूला हिमताल गनेर जोखिम व्यवस्थापन गर्न सक्दैन। हिमाली भू-आकृतिमा निरन्तर परिवर्तन भइरहेकाले आज ताल नभएको ठाउँमा भोलि ताल बन्न सक्छ। आज सुरक्षित देखिएको हिमनदी भोलि चट्टान खस्दा वा कम्पन हुँदा अस्थिर बन्न सक्छ।

विगतका विनाशकारी घटनाहरू हेर्दा पनि यो यथार्थ स्पष्ट हुन्छ। सन् २०१२ मा सेती नदीमा आएको बाढी कुनै हिमताल फुटेर आएको थिएन; अन्नपूर्ण चौथोबाट ठूलो तेह्र सय मिटर लामो चट्टानी खण्ड खसेर हिमनदीमा बजारिँदा ७२ जनाको ज्यान जाने गरी बाढी आएको थियो।

यति ठूलो पानीको आयतन भएको ताल फुट्यो भने डिङ्बोचे, फेरिचे, पाङ्बोचे जस्ता बस्तीहरू बग्नेछन् र सम्पूर्ण ट्रेकिङ ट्रेलहरू ध्वस्त हुनेछन्। त्यसैले जोखिम अभिलेखलाई स्थिर सूचीका रूपमा होइन, निरन्तर अद्यावधिक हुने जीवित जोखिम नक्शाका रूपमा विकास गर्न आवश्यक छ।

हिमालय तुलनात्मक रूपमा नयाँ पत्रे पर्वत अर्थात् न्यू फोल्डिङ माउन्टेन हो। भारतीय प्लेट उत्तरतर्फ सर्दै तिब्बती प्लेटमुनि निरन्तर धसिरहेको भूगर्भीय प्रक्रियाले हिमालयको भू-गठनलाई निरन्तर प्रभावित गरिरहेको छ।

तापक्रम बढ्दै जाँदा हिमाली क्षेत्रमा वर्षौंदेखि चट्टानलाई सिमेन्टजस्तै बाँधेर राखेको भूमिगत बरफ अर्थात् पर्माफ्रस्ट कमजोर बन्दै गएको छ। लगातार तीन वर्षसम्म शून्यभन्दा तल कम्तीमा माइनस दुई डिग्री सेल्सियस तापक्रममा रहने जमिन वा बरफलाई पर्माफ्रस्ट भनिन्छ।

जब तापक्रम बढ्छ, दिनको समयमा पग्लिएको पानी चट्टानका चिराभित्र पस्छ र रातको समयमा चिसो हुँदा जम्छ। पानी बरफ बन्दा त्यसको आयतन नौ प्रतिशतले बढ्छ, जसले चट्टानका जोर्नीहरूलाई जबर्जस्ती धकेलेर फराकिलो बनाउँछ। फ्रस्ट स्याटरिङ भनिने यो प्रकिया वर्षौंसम्म दोहोरिँदै जाँदा अन्ततः सिङ्गो पहाडको विशाल चट्टानी पाखा मुख्य संरचनाबाट अलगिएर खस्न पुग्छ।

अब थोरै मात्र तापक्रम बढ्नेबित्तिकै सिङ्गो हिमनदी भित्रैबाट छियाछिया भएर पग्लिनेछ र लोबुचेभन्दा माथि दुईदेखि तीन किलोमिटर लामो नयाँ ताल बन्ने जोखिम छ। हिमालको जोखिम आँखाले देखिँदैनः उपग्रह निगरानी अब विकल्प होइन, अनिवार्य हो।



## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष **राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## सामाजिक सञ्जालमा भाइरल गन्तव्यः सुन्दरताभित्र लुकेको जोखिम



खोलामा पानीको बहाव बढ्ने भएकाले जोखिम अझ बढ्न सक्छ।

*इन्द्राकुमारी केसी*

पछिल्लो समय सामाजिक सञ्जाल सूचना, प्रचारप्रसार र नयाँ पर्यटकीय गन्तव्य चिनाउने प्रभावकारी माध्यम बनेको छ। कुनै ठाउँको आकर्षक दृश्यसहितको फोटो वा भिडियो सामाजिक सञ्जालमा सार्वजनिक हुनासाथ केही घण्टामै हजारौँ मानिससम्म पुग्ने गर्छ। ओझेलमा रहेका प्राकृतिक तथा पर्यटकीय गन्तव्य लाई देश-विदेशसम्म चिनाउन, पर्यटक आकर्षित गर्न र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण भूमिका खेलेको छ। प्राकृतिक सौन्दर्यले भरिएका झरना, ताल, पहाड, नदी तथा वन क्षेत्रका दृश्य सामाजिक सञ्जालमा भाइरल भएपछि ती स्थानमा आन्तरिक पर्यटकको चहलपहल बढ्ने गरेको छ। तर, सामाजिक सञ्जालमा देखिने आकर्षक दृश्यले गन्तव्यको सुन्दरता मात्रै देखाउँछ, त्यहाँ पुग्ने बाटो, भौगोलिक अवस्था, मौसम, पानीको बहाव, चट्टानको अवस्था तथा सम्भावित दुर्घटनाको जोखिमबारे पूर्ण जानकारी भने दिँदैन। कैलालीको चुरे गाउँपालिका-५ सुरुगडास्थित चिप्ले झरना यसको पछिल्लो उदाहरण हो। केही समय यता सामाजिक सञ्जालमा भाइरल बनेको चिप्ले झरनाको चट्टानमाथिबाट झरिरहेको पानी, वरिपरिको हरियाली र चुरेको प्राकृतिक सौन्दर्यले धेरैको ध्यान तानेको छ। फेसबुक, टिकटक लगायत सामाजिक सञ्जालमा झरनाका तस्बिर तथा भिडियो सार्वजनिक भएपछि यहाँ घुम्न आउनेको सङ्ख्या पनि बढेको छ। प्रकृतिसँग रमाउन, झरनामा नुहाउन तथा फोटो र भिडियो खिच्न आउनेका लागि चिप्ले झरना आकर्षणको केन्द्र बनेको छ। तर, सामाजिक सञ्जालमा भाइरल बनेको यही सुन्दर गन्तव्यको अर्को पाटो भने जोखिमपूर्ण छ। चिप्लो चट्टान, गहिरो पानी, भिरालो भू-बनोट तथा कतिपय स्थानमा सुरक्षित आवा-गमनको व्यवस्था नहुँदा झरना क्षेत्रमा पुग्ने पर्यटक दुर्घटनाको जोखिममा छन्। पछिल्लोपटक झरना घुम्न पुगेका डडेल्धुराका खगराज पन्तको मृत्युले चिप्ले झरनाको पर्यटकीय सम्भावनासँगै पर्यटक सुरक्षाको विषयलाई पनि गम्भीर बनाएको छ।

सुन्दरता हेर्न पुगेका खगराज फर्किएनन्

डडेल्धुराका २१ वर्षीय खगराज पन्त भदौ ६ गते चिप्ले झरना घुम्न पुगे। झरनाको सुन्दरता हेर्न र प्रकृतिसँग रमाउन पुगेका उनी चिप्लिएर खसेपछि बेपत्ता भए। बेपत्ता भएको भोलिपल्ट भदौ ७ गते उनको शव फेला पर्यो।

झरनाको मनोरम दृश्यको फोटो खिच्न र प्रकृतिसँग रमाउन पुगेका एक युवाको मृत्यु भएपछि चिप्ले झरनामा सुरक्षाको विषय गम्भीर बनेको छ। सामाजिक सञ्जालका कारण पछिल्लो समय झरनामा बाहिरबाट आउने पर्यटकको सङ्ख्या बढिरहेका बेला भएको यो घटनाले गन्तव्यको प्रचारसँगै सुरक्षा व्यवस्थापनको आवश्यकता पनि देखाएको छ।

पन्तको मृत्यु चिप्ले झरनाको जोखिमबारे सार्वजनिक रूपमा गम्भीर प्रश्न उठाउने पछिल्लो घटना बनेको छ। सामाजिक सञ्जालमा आकर्षक देखिने गन्तव्यमा पुग्दा पर्यटकले त्यहाँको भौगोलिक अवस्था र जोखिमबारे पर्याप्त जानकारी लिनुपर्ने देखिन्छ। उहाँको मृत्यु भएपछि प्रहरीले चिप्ले झरना क्षेत्रमा सर्वसाधारणको आवागमनमा कडाइ गरेको छ।

झरना क्षेत्रमा थप दुर्घटना हुन नदिन स्थानीय तहसँग समन्वय गरी तत्कालका लागि सर्व-साधारणको प्रवेशमा रोक लगाइएको अस्थायी प्रहरी पोष्ट खानीडाँडाका प्रहरी सहायक निरीक्षक गजेन्द्रसिंह कार्कीले जानकारी दिनुभयो। उहाँका अनुसार झरना क्षेत्रमा चिप्लो चट्टान, भिरालो भू-बनोट तथा पानीको बहावका कारण दुर्घटनाको जोखिम उच्च रहेकाले सम्भावित मानवीय क्षति रोक्न तत्काल प्रवेशमा रोक लगाइएको हो।

सामाजिक सञ्जालमा झरनाका तस्बिर तथा भिडियो भाइरल भएपछि पछिल्लो समय यहाँ घुम्न आउनेको सङ्ख्या बढ्दै गएको र कतिपय पर्यटक जोखिमको ख्याल नगरी चट्टान तथा पानीको नजिकसम्म पुग्ने गरेकाले सुरक्षाका दृष्टिले प्रवेशमा कडाइ गर्नुपरेको उहाँले बताउनुभयो। कार्कीका अनुसार स्थानीय तहसँगको समन्वयमा झरना क्षेत्रमा पर्यटक लाई जोखिमबारे जानकारी गराउने तथा सचेतना फैलाउने उद्देश्यले विभिन्न स्थानमा सूचना तथा चेतनामूलक बोर्ड राख्ने तयारी गरेको छ। तत्कालका लागि प्रवेशमा रोक लगाएर दुर्घटना नियन्त्रणको प्रयास गरिए पनि चिप्ले झरनाको बढ्दो पर्यटकीय आकर्षणलाई ध्यानमा राख्दै दीर्घकालीन सुरक्षा व्यवस्थापन आवश्यक देखिएको छ। झरना क्षेत्रलाई सुरक्षित र व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सुरक्षित पदमार्ग, रेलिङ तथा तारबार, सिँढी, जोखिमयुक्त स्थानमा चेतावनी बोर्डलगायत आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने देखिन्छ। सामाजिक सञ्जालमार्फत गन्तव्य को प्रचारसँगै पर्यटकको सङ्ख्या बढिरहेका बेला सुरक्षा पूर्वाधार र व्यवस्थापनलाई पनि समान प्राथमिकता दिनसके चिप्ले झरनाको पर्यटकीय सम्भावना लाई सुरक्षित र दिगो रूपमा अघि बढाउन सकिने देखिन्छ।

दृश्यले देखाउँदैन जोखिम

सामाजिक सञ्जालमा सार्वजनिक हुने केही सेकेन्डको भिडियो वा तस्बिरले झरनाको पानी, हरियाली र प्राकृतिक सौन्दर्य देखाउँछ। तर, त्यहाँ पुग्ने बाटो, चट्टानको अवस्था, पानीको गहिराइ, बहाव र दुर्घटनाको सम्भावना बारे त्यसले पूर्ण जानकारी दिँदैन। विशेषगरी, वर्षायाममा झरना तथा खोलामा पानीको बहाव बढ्ने भएकाले जोखिम अझ बढ्न सक्छ। पहिलोपटक झरना पुग्ने पर्यटकलाई कुन स्थान सुरक्षित हो, कहाँ चिप्लिने सम्भावना बढी छ, पानी कति गहिरो छ र कुन क्षेत्रमा जान हुँदैन भन्ने जानकारी नहुन सक्छ। राम्रो तस्बिर र भिडियो बनाउने क्रममा पर्यटकहरू जोखिमयुक्त स्थानसम्म पुग्ने गरेको देखिन्छ।

चिप्ले झरनामा पनि सामाजिक सञ्जालमा देखिएको आकर्षक दृश्यका कारण पर्यटकको सङ्ख्या बढिरहेको छ। कतिपय पर्यटक फोटो तथा भिडियो बनाउने क्रममा चिप्लो चट्टानको किनारमा पुग्ने, पानीमा पस्ने वा जोखिमयुक्त स्थानमा उभिने गरेको चुरे गाउँपालिकाका अध्यक्ष चक्र बोगटी बताउनुहुन्छ। "चिप्ले झरना जति हेर्नलाई सुन्दर छ, त्यति नै जोखिम पनि छ। त्यहाँको सतह निकै चिप्लो छ भने चट्टान पनि छन्, त्यसैले त्यहाँ जोखिम छ", अध्यक्ष बोगटीले भन्नुभयो। उहाँका अनुसार झरना क्षेत्रमा पानी परेको समयमा चट्टानमा लेउ लाग्ने र सतह थप चिप्लो हुने भएकाले सामान्य अवस्थामा भन्दा वर्षायाममा जोखिम बढी हुन्छ। पर्यटकको सङ्ख्या बढ्दै गए पनि सुरक्षाका लागि आवश्यक संरचना निर्माण हुन नसक्दा व्यवस्थापन चुनौतीपूर्ण बनेको उहाँ बताउनुहुन्छ।

चुरे गाउँपालिका-५ का पूर्वअध्यक्ष नरबहादुर तामाङ पनि सामाजिक सञ्जालमा देखिएको दृश्यका आधारमा मात्र कुनै गन्तव्यको वास्तविक अवस्था अनुमान गर्न नहुने बताउनुहुन्छ। सामाजिक सञ्जालले पर्यटकीय सम्भावना भएको ठाउँलाई चिनाउन महत्वपूर्ण भूमिका खेले पनि पर्यटकको सुरक्षाका लागि पूर्व सूचना, सचेतना र आवश्यक संरचना निर्माणमा पनि ध्यान दिन आवश्यक रहेको उहाँको भनाइ छ।

'भूत खोला'देखि भाइरल पर्यटकीय गन्तव्यसम्म

चुरे गाउँपालिकाका अध्यक्ष चक्र बोगटीका अनुसार अहिले 'चिप्ले झरना' भनेर चिनिने यो स्थान पहिले 'भूत खोला' नामले परिचित थियो। धेरै पहिले त्यहाँ मानिसले ज्यान गुमाएका कारण स्थानीयले 'भूत खोला' भन्ने गरेको उहाँ बताउनुहुन्छ।

स्थानीयस्तरमा लामो समयदेखि परिचित भए पनि सामाजिक सञ्जालमा भाइरल हुनुअघि यहाँ बाहिरी क्षेत्रका मानिसको आवागमन न्यून थियो। स्थानीयवासीले त्यहाँको पानी नहर तथा घट्ट सञ्चालनमा समेत प्रयोग गर्ने गरेका थिए।

"पहिले यो ठाउँलाई 'भूत खोला' भनेर चिनिन्थ्यो। स्थानीयलाई पहिलेदेखि नै यो ठाउँबारे जानकारी थियो। त्यहाँको पानी नहर र घट्टका रूपमा प्रयोग गरिन्थ्यो", अध्यक्ष बोगटीले भन्नुभयो। तर, सामाजिक सञ्जालमा झरनाका तस्बिर तथा भिडियो सार्वजनिक हुन थालेपछि यसको चर्चा गाउँबाट बाहिरसम्म फैलिएको छ। अहिले कैलालीसँगै डडेल्धुरा, कञ्चनपुरलगायत विभिन्न जिल्लाबाट समेत पर्यटक झरना हेर्न आउने गरेका छन्।

चुरे गाउँपालिका-५ का अध्यक्ष वीरबहादुर धामीका अनुसार पछिल्लो केहि समय अघि देखि मात्रै सामाजिक सञ्जालमा प्रचार हुन थालेपछि झरना क्षेत्रमा आउनेको सङ्ख्या उल्लेख्य रूपमा बढेको छ। बिदाका दिन करिब चार-पाँच सयसम्म मानिस झरना क्षेत्रमा पुग्ने गरेको उहाँ बताउनुहुन्छ। यसलाइ व्यवस्थित गर्नसके पर्यटकीय गन्तव्य बन्नसक्ने उहाँको भनाइ छ।

खानीडाँडा बजारबाट करिब तीन किलोमिटरको दूरीमा रहेको चिप्ले झरनालाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने सम्भावना भए पनि त्यसका लागि आवश्यक पूर्वाधार भने पर्याप्त छैन। सुरक्षित पदमार्ग, रेलिङ, तारबार, सिँढी, विश्रामस्थल तथा जोखिमयुक्त स्थानमा सूचना बोर्डजस्ता संरचना आवश्यक देखिन्छन्।

गाउँपालिकाका अध्यक्ष बोगटीका अनुसार गाउँपालिकाले झरना क्षेत्रको विकासका लागि डिपिआर तयार गरी प्रदेश सरकारलाई बुझाइसकेको छ। "पछिल्लो समय निकै भाइरल भएको चिप्ले झरनालाई व्यवस्थित गर्न डिपिआर तयार गरेर प्रदेश सरकारलाई बुझाएका छौँ। पालिकाको बजेटले मात्रै भ्याउँदैन। तारबार गर्ने, आकाशे पुल बनाउने, सिँढी, नुहाउने स्थान बनाउने लगायतका योजना छन्", उहाँले भन्नुभयो।

झरना क्षेत्रमा पर्यटकको चहलपहल बढेसँगै सुरक्षा संरचना निर्माणलाई पनि प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ छ।

पानी परेको समयमा चट्टानमा लेउ लाग्ने र सतह चिप्लो हुने भएकाले पर्यटकलाई सुरक्षित रूपमा आवतजावत गर्न सक्ने संरचना आवश्यक रहेको उहाँ बताउनुहुन्छ।

खगराज पन्तको सम्झना मा शालिक निर्माण गरी सो क्षेत्रलाई व्यवस्थित बनाउने योजना रहेको पनि अध्यक्ष बोगटीले बताउनुभयो। पर्यटकीय गन्तव्यको विकाससँगै सुरक्षा व्यवस्थापनलाई अघि बढाउने गाउँपालिकाको योजना रहेको उहाँले बताउनुभयो।

## रसुवामा आएको बाढीले मुलुकलाई स्तब्ध बनाएको छः प्रमुख खापुङ

विराटनगर । कोशीका प्रदेशप्रमुख परशुराम खापुङले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले मुलुकलाई स्तब्ध बनाएको बताउनु भएको छ । अखिल नेपाल वैश्य (हलवाई) सेवा समिति केन्द्रीय कार्यालय मोरङद्वारा शनिबार आयोजित श्रीश्री १००८ संतशिरोमणि बाबा गणिनाथ गोविन्दको जन्मजयन्ती कार्यक्रममा बाढीबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै विपद्मा परेका नागरिकलाई सबैले मिलेर सहयोग गर्नुपर्ने धारणा राख्नुभयो। प्रदेश प्रमुख खापुङले शान्ति, समृद्धि, विकास र समाजलाई जोडन आजको दिनले सफलता मिलोस् शुभकामना दिँदै बाढीपीडितको खोज, उद्धार, राहत तथा पुनःस्थापनामा तीनै तहका सरकार, सरोकार भएका निकायबीच सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले पीडितका लागि आवश्यक सहयोग का लागि पनि सबैमा आग्रह गर्नुभयो । आयोजक समितिका अध्यक्ष कृष्णकुमार साहको अध्यक्षतामा भएको सो कार्यक्रममा समितिका वरिष्ठ सल्लाहकारद्वय प्रह्लाद साह र दिनेश साहले आ-आफ्नो धारणा राख्नुभएको थियो।

## कास्कीमा पहिरोमा परी दुई जना गम्भीर घाइते

कास्की । कास्कीको माछापुच्छ्रे गाउँपालिका-१ साँदलमा निर्माणाधीन सुपरसेती जलविद्युत् आयोजनाको पहुँचमार्ग(एस्सेस रोड) खन्ने क्रममा पहिरो खस्दा दुई जना कामदार गम्भीर घाइते भएका छन्।

जिल्ला प्रशासन कार्यालय कास्कीका सूचना अधिकारी एवं सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालका अनुसार शनिबार बिहान करिब ११:०० बजे माथिबाट अचानक पहिरो खसेर आयोजनामा कार्यरत दुई जना घाइते भएका हुन्। घाइते दुवै जनाको नाम, थर र ठेगाना खुल्न बाँकी रहेको उहाँले जानकारी दिनुभयो।

घटनालगत्तै स्थानीयले उद्धार गरी घाइतेलाई उपचारका लागि मणिपाल शिक्षण अस्पताल ल्याएको जनाउँदै दुवै जनाको अवस्था गम्भीर रहेको प्रशासनले जनाएको छ। घटनाको जानकारी पाएलगत्तै प्रहरीचौकी सार्दिखोलाबाट प्रहरी सहायक निरीक्षक रामचन्द्र श्रेष्ठको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा उद्धारका लागि खटिएको थियो।

## प्रधानमन्त्री राहत कोषमा ११ अर्बभन्दा बढी संकलन

काठमाडौं । रसुवाका बाढी प्रभावितका लागि आर्थिक सहयोग जुट्ने क्रम बढ्दै गएको छ।

शनिबार नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा हाल रु ११ अर्ब पाँच करोड ५६ लाख २६ हजार ९७१ मौज्दात रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ। सरकारले यसअघि उक्त कोषमा जम्मा भएको रु एक अर्ब बाढीप्रभावित क्षेत्रका लागि निकासा गरिसकेको छ। नौ वटा वाणिज्य बैंकमा रु आठ अर्ब छ करोड २५ लाख १५ हजार ५१८ र हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेको डलर खातामा थप एक करोड ९८ लाख ३७ हजार ६९५ अमेरिकी डलर जम्मा भएको कार्यालयले जनाएको छ।

## अठार महिनामा सक्नुपर्ने आयुर्वेद भवन पाँच वर्षमा पनि अलपत्रै

वालिङ । वालिङ नगरपालिका-१ ययादीमा रहेको धनुबाँसे आयुर्वेद औषधालयको भवन लामो समयदेखि अलपत्र छ । स्थानीयलाई स्वास्थ्य उपचारमा सहज पहुँच विस्तार गर्ने उद्देश्यले स्थापना भएको आयुर्वेद औषधालय पाँच वर्षदेखि अलपत्र परेको हो।

सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय पोखरा अन्तर्गत विसं २०७७ फागुनमा सेफ इन्जिनियरिङ बिल्डर्स प्रालि चितवनसँग १८ महिनाभित्र भवन सम्पन्न गर्ने गरी सम्झौता भए पनि निर्माण कम्पनीको बेवास्ताका कारण पाँच वर्षदेखि अलपत्र परेको स्थानीय बताउँछन् । भवनको हालसम्म आधामात्रै काम भएको सङ्घीय सहरी विकास तथा भवन निर्माण विभाग सङ्घीय आयोजना कार्यान्वयन एकाइ पोखराका इन्जिनियर लक्ष्मण लम्सालले जानकारी दिनुभयो । तोकिएको समयावधिमा काम सम्पन्न हुन नसकेपछि ठेक्का तोड्ने आशयको कार्यालयले सूचना निकालिएको जनाउँदै उहाँले भदौको अन्तिमसम्म पनि निर्माण कम्पनीले तदारुकता नदेखाएमा ठेक्का रद्द गर्ने बताउनु भयो। "सकेसम्म निर्माण गरिरहेको कम्पनीबाट भवन सम्पन्न होस् भन्ने कार्यालयको चाहना हो", उहाँले भन्नुभयो, "निरन्तर रूपमा काम गरेको खण्डमा समय धेरै लाग्ने थिएन, अब आधाजसो काम बाँकी छ ।" स्थानीय तथा जनप्रतिनिधिले पटकपटक निर्माणलाई तीव्रता दिन अनुरोध गरे पनि निर्माण कम्पनीले अटेरी गर्दै आएको वालिङ-१ का वडाध्यक्ष पदमराज गुरुङले बताउनु भयो । "हजारौं नागरिकले स्वास्थ्यजस्तो संवेदनशील सेवा दिने उद्देश्यले स्थापना भएको औषधालय निर्माण व्यवसायीको लापरबाहीले अलपत्र बनेको छ", उहाँले भन्नुभयो, "समयमै सक्न अनुरोध गर्दै आएका छौं। केही समस्या भए समाधानमा हामी जनप्रतिनिधि तथा स्थानीयवासी पनि लाग्ने भनिरहेका छौं तर काम भएन ।"

## बाढीपीडितलाई आर्थिक सहयोग जुट्ने क्रम जारी

कास्की । पोखरा महानगरपालिका-७ मासबारस्थित मदरल्याण्ड सेकेण्डरी स्कुलका विद्यार्थी, शिक्षक, कर्मचारी तथा विद्यालयले भोटेकोशी बाढी प्रभावितका लागि रु आठ लाख १५ हजार ५५५ सहयोग गरेका छन्। बाढीपीडितको उद्धार तथा राहतका लागि 'काइन्डनेस क्लब मदरल्याण्ड' को सक्रियतामा उक्त रकम सङ्कलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको विद्यालयका प्राचार्य डा नारायण बरालले जानकारी दिनुभयो।

सामाजिक उत्तरदायित्व अन्तर्गत विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहत कार्यमा सहयोग पुर्याउने उद्देश्यले उक्त रकम सङ्कलन गरिएको उहाँले बताउनुभयो । बरालले भन्नुभयो, "प्राकृतिक विपत्तिको यस कठिन घडीमा प्रभावित नागरिकको उद्धार तथा राहतका लागि आफ्नो ठाउँबाट सहयोग गर्नु सबैको सामाजिक दायित्व हो ।

विद्यार्थी, शिक्षक, कर्मचारी र विद्यालय परिवारको सानो प्रयासले पनि पीडितलाई केही राहत पुग्ने विश्वासका साथ हामीले यो सहयोग रकम जुटाएर जम्मा गरेका छौं ।" झाडको मष्टा गाउँ पालिकाले बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको उद्धार, उपचार, राहत तथा पुनर्स्थापनामा सहयोग पुर्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु २२ लाख ४६ हजार १७९ जम्मा गरेको छ।

विपद्का कारण भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै प्रभावित परिवार लाई सहयोग गर्ने उद्देश्यले उक्त रकम कोषमा सहयोग गरेको गाउँपालिका अध्यक्ष ज्ञानबहादुर बोहराले जानकारी दिनुभयो । गाउँपालिकाको निर्णयअनुसार जनप्रतिनिधि, कर्मचारी, विद्यालय का शिक्षक तथा कर्मचारी र गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट रकम सहयोग गरिएको हो।

तनहुँका निर्माण व्यवसायी सङ्घद्वारा एक लाख सहयोग

निर्माण व्यवसायी सङ्घ तनहुँले रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीबाट प्रभावित पीडितहरूको राहत तथा उद्धारका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु एक लाख एक हजार सहयोग गरेको छ । राष्ट्रिय विपद्को कठिन घडीमा पीडितको पीडामा साथ दिने सामाजिक उत्तरदायित्वस्वरूप सहयोग रकम प्रदान गरिएको सङ्घका कोषाध्यक्ष सुरेश घिमिरेले जानकारी दिनुभयो।

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको राहत तथा पुनर्स्थापना का लागि तनहुँकी एक बालिकाले अनुकरणीय सहयोग गरेकी छन्।

व्यास नगरपालिका-१२, छाब्दीस्थित छाब्दी बाराही आधार-भूत विद्यालयमा कक्षा ५ मा अध्ययनरत छात्रा कृति आलेले आफ्नो खुत्रुकेमा जम्मा भएको रु १० हजार ७०० बाढीपीडितको सहयोगका लागि प्रदान गरेकी छिन्। कृतिको यो सहयोग रकमका हिसाबले सानो देखिएपनि भावना र मानवीय संवेदनाका दृष्टिले निकै ठूलो रहेको विद्यालयले जनाएको छ। आफ्नो खुत्रुके फुटाएर विपद्मा परेका परिवारको दुःखमा साथ दिने उनको कदमले बालबालिकामा समेत सामाजिक उत्तरदायित्व र मानवीय भावनाको उदाहरण प्रस्तुत गरेको विद्यालयका प्रधानाध्यापक गोमबहादुर रानाले बताउनुभयो।

आर्थिक सहयोग जुटाउँदै स्थानीय तह

आज पर्साका स्थानीय तह, विभिन्न सामाजिक सङ्घसंस्था, व्यवसायी तथा समाजसेवीले भोटेकोशी बाढीपीडितलाई आर्थिक सहयोग गरेका छन्। बाढीपीडितको खोज, उद्धार तथा राहतका लागि यहाँका स्थानीय तहका साथै सामाजिक सङ्घसंस्थाले रकम सङ्कलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा उपलब्ध गराउँदै आएका हुन्।

वीरगञ्जका सुनचाँदी व्यवसायी नीरज सर्राफ, साउथ जोन माध्यमिक विद्यालयले आर्थिक सहयोग गरेका छन् भने जेनजी पर्साको टोलीले रसुवा र नुवाकोटका बाढी प्रभावित क्षेत्रमा पुगेर पीडित परिवारलाई राहत सामग्री वितरण गरेको छ।

नेपाल पुलिस स्कुल शान्तिपुरमा अध्ययनरत विद्यार्थी हरूले आफ्नो खाजा खर्च कटाएर सङ्कलन गरेको रकम भोटेकोशी बाढी प्रभावितका लागि सहयोग गरेका छन्।

## मानव-बाघ सहअस्तित्वका लागि बाघ-मित्र अभियान प्रभावकारी

जनकपुरधाम । पर्सा राष्ट्रिय निकुञ्जमा मानव-बाघ सहअस्तित्व प्रवर्द्धनका लागि सञ्चालन गरिएको 'बाघ-मित्र अभियान' प्रभावकारी बन्दै गएको छ । अभियानको प्रभावकारिता, उपलब्धि, चुनौती तथा आगामी कार्यदिशाका विषयमा आयोजित कार्यशालामा सहभागी सरोकार भएका निकायका प्रतिनिधिले मानव सुरक्षा, जोखिम पहिचान, प्रारम्भिक सूचना प्रणाली तथा समुदायको सहभागितालाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो।

पर्सा राष्ट्रिय निकुञ्जमा आयोजित कार्यशालामा निकुञ्ज, डिभिजन वन कार्यालय बारा र पर्साका अधिकारी, साझेदारी तथा सामुदायिक वनका प्रतिनिधि, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, निकुञ्ज सुरक्षार्थ खटिएको गणका प्रतिनिधि तथा संरक्षणका क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको सहभागिता थियो।

कार्यशालामा निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले बाघको सङ्ख्या बढ्नु मात्र संरक्षणको सफलता नभई बाघसँगै बस्ने समुदाय सुरक्षित र संरक्षणप्रति सकारात्मक हुनु पनि उत्तिकै महत्वपूर्ण रहेको बताउनुभयो। उहाँका अनुसार सन् २०२२ मा पर्सा राष्ट्रिय निकुञ्जमा ४१ वयस्क बाघ रहेकामा सन् २०२६ मा उक्त सङ्ख्या बढेर ७१ पुगेको छ। बाघको सङ्ख्या बढेसँगै संरक्षण व्यवस्थापन र मानव सुरक्षाको जिम्मेवारीसमेत बढेको उहाँले बताउनुभयो।

प्रमुख संरक्षण अधिकृत खतिवडाले पर्सा राष्ट्रिय निकुञ्जको संरक्षण व्यवस्थापनलाई अन्तराष्ट्रिय मापदण्डअनुकूल बनाउन 'संरक्षण सुनिश्चितता बाघ संरक्षण मापदण्ड (क्याट्स)' अन्तर्गत मान्यता प्राप्त गर्ने प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो। त्यसका लागि निकुञ्जको संरक्षण व्यवस्थापन प्रणालीको मूल्याङ्कन, विद्यमान अवस्थाको समीक्षा तथा आवश्यक सुधारका काम अघि बढाइएको उहाँले बताउनुभयो । "बाघ-मित्र अभियानलाई जनचेतना मूलक कार्यक्रमका रूपमा मात्र सीमित नगरी जोखिम पहिचान, प्रारम्भिक सूचना, समुदाय परिचालन, सुरक्षित व्यवहार र द्वन्द्व न्यूनीकरणसँग जोड्नुपर्छ", उहाँले भन्नुभयो । मानव-बाघ द्वन्द्व न्यूनीकरण निकुञ्जको मात्र जिम्मेवारी नभई वन कार्यालय, स्थानीय तह, समुदाय, सुरक्षा निकाय तथा संरक्षण साझेदार सबैको साझा दायित्व भएको उहाँले उल्लेख गर्नुभयो।

मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष सीताराम अर्यालले संरक्षणसँगै स्थानीय समुदायको सुरक्षा, सहभागिता र संरक्षणबाट प्राप्त लाभ सुनिश्चित गर्नुपर्ने उहाँले बताउनुभयो। निकुञ्ज र समुदाय बीच निरन्तर संवाद तथा स्थानीय ज्ञानको उपयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

जुलोजिकल सोसाइटी अफ लण्डन (जेडएसएल) नेपालका क्षेत्रीय अधिकृत प्रचण्ड महर्जनले मानव-बाघ द्वन्द्वको जोखिम, समुदायको सचेतना, प्रारम्भिक सूचना प्रणाली तथा सरोकार भएका निकायबीचको समन्वयका विषयमा प्रस्तुति दिनुभएको थियो।

त्यसैगरी निकुञ्जका संरक्षण अधिकृत सन्तोष भगतले बाघ-मित्र अभियानको स्थलगत अनुभव, बाघको गतिविधि तथा जोखिमयुक्त क्षेत्रबारे जानकारी गराउँदै समयमै सूचना प्रवाह, नियमित निगरानी र तत्काल प्रतिक्रिया संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । कार्यशालामा सहभागी वन कार्यालय, वन उपभोक्ता समूह, मध्यवर्ती क्षेत्र, सुरक्षा निकाय तथा अन्य सरोकार भएका निकायका प्रतिनिधिले मानव सुरक्षा, सूचना आदानप्रदान, जोखिम पहिचान, समुदायको सहभागिता तथा द्वन्द्वको अवस्थामा तत्काल प्रतिक्रिया संयन्त्रलाई थप प्रभावकारी बनाउन सुझाव दिनुभयो।

पर्सा राष्ट्रिय निकुञ्जमा बाघको सङ्ख्या वृद्धि हुँदै गएको अवस्थामा बाघसँगै मानिस लाई सुरक्षित राख्दै दीर्घ-कालीन सहअस्तित्व कायम गर्नु संरक्षणको प्रमुख चुनौती बनेको छ।

## भोटेकोशी बाढी : एक हजार ३० शवको सुरक्षित व्यवस्थापन

काठमाडौं । भोटेकोशी बाढीपछि फेला परेका एक हजार ३४४ मध्ये एक हजार ३० शव सुरक्षित रूपमा माटोमुनि व्यवस्थापन गरिएको छ। फेला परेका शवको पहिचानका लागि डिएनए नमूना सङ्कलन लगायत आवश्यक प्रक्रिया पूरा गरी हालसम्म २२२ महिला, ३५५ पुरुष र ४५३ संवेदनशील अवस्थाका पहिचान नखुलेका शव व्यवस्थापन गरिएको प्रहरीले जनाएको छ।

शव पहिचानका लागि मृतकका एक हजार २६० र आफन्तका एक हजार १२ वटा डिएनए नमूना सङ्कलन गरिएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार डिएनएलगायत आवश्यक विवरण सङ्कलनपश्चात् 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम ती शव जमिनमुनि सुरक्षित रूपमा व्यवस्थापन गरिएको हो।

व्यवस्थापनका क्रममा प्रत्येक शवको सङ्केत/कोड नम्बर जमिनमुनि तथा माथि राखिएको छ। त्यस्तै शव व्यवस्थापन गरिएको स्थानको 'जिपिएस लोकेशन', फोटो अभिलेख, नक्सासहितको विस्तृत विवरण तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण विवरण अभिलेखीकरण गरिएका छन्।

जमिनमुनि व्यवस्थापन गरिएका प्रत्येक शवको फोटो, डिएनए नमूना, सङ्केत नम्बर, हुलिया, सनाखतसम्बन्धी विवरण, शव परीक्षण प्रतिवेदन, मुचुल्का, व्यवस्थापन मिति तथा स्थानको विवरण सुरक्षित राखिएको छ । भविष्यमा कुनै परिवार/आफन्तले आफ्नो सदस्यका रूपमा दाबी गरेमा उपलब्ध वैज्ञानिक तथा कानुनी प्रमाणका आधारमा पहिचान गरी ती शव परिवारलाई हस्तान्तरण गरिने प्रहरी प्रवक्ता काफ्लेले उल्लेख गर्नुभयो।

पहिचान नभएका एक हजार २७० शवको विवरण नेपाल प्रहरीको वेबसाइटमा 'अपलोड' गरिएका छन्।

बिहानसम्म बाढीमा परी निधन भएका एक हजार ३४४ वटा शव विभिन्न जिल्लामा फेला परेका छन्। बाढीप्रभावित क्षेत्रमा खोज, उद्धार, राहत वितरण, शव व्यवस्थापन का काम लगायतमा हालसम्म सात हजार ९१२ प्रहरी कर्मचारी परिचालन गरिएको छ।

# मुस्ताङको टुकुचेमा कालीगण्डकीले कटान गरेपछि गाउँ पहिरोको जोखिममा

मुस्ताङ । कालीगण्डकी नदी कटानका कारण मुस्ताङको थासाङ गाउँपालिका-१ टुकुचे गाउँ पहिरोको उच्च जोखिममा परेको छ। शुक्रबार राति परेको आंशिक वर्षासँगै मुस्ताङको कालीगण्डकी नदीको सतह उच्च हुँदा टुकुचे गाउँ नदी कटान तथा पहिरोको उच्च जोखिममा परेको हो ।

थासाङ-१ टुकुचेमा योसँगै भदौमा मात्रै चार पटकसम्म कालीगण्डकी नदी कटान भइसकेको छ। कालीगण्डकीको शाखा नदीमा पानीको बहाव उच्च हुँदा टुकुचे गाउँ संरक्षणका लागि लगाइएको तटबन्ध तथा ग्याबिन वाल पनि भत्काएर नदीको धार गाउँतर्फ पुगेको थासाङ-१ का वडाध्यक्ष सुरेश थकालीले जानकारी दिनुभयो ।

उहाँका अनुसार गएरातिको कालीगण्डकी नदीको बाढीले टुकुचे गाउँ नजिकै रहेको स्याउ भ्रुणदारण गर्ने चिस्यान केन्द्र र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)द्वारा निर्मित फोहर सङ्कलन गर्ने पूर्वाधार डुबानमा परेका छन् ।

नदीले धार परिवर्तन गर्दा कालीगण्डकी तटमा लगाइएका करिब एक हजार स्याउ बोट नष्ट भइसकेका वडाध्यक्ष थकालीले जानकारी दिनुभयो । नदीले यही गतिमा धार परिवर्तन गर्दै गएमा टुकुचे गाउँको तल्लो बस्तीमा रहेका ३० घरसहित गाउँ नजिकैको गुम्बा र ऐतिहासिक सम्पदामा क्षति पुग्ने उहाँले उल्लेख गर्नुभयो ।

वडाध्यक्ष थकालीका अनुसार भदौमा मात्रै चार पटकसम्म नदीले धार परिवर्तन गरी कटान गरेको छ। खानेपानी, जलस्रोत तथा सिँचाइ सबडिभिजन कार्यालयद्वारा करोडौं खर्च निर्माण गरिएको वाल तथा तटबन्ध बाढीले क्षति पुगेको छ । वडाध्यक्ष थकालीका अनुसार टुकुचे गाउँ र स्याउबारी संरक्षणका लागि पटकपटक नदी नियन्त्रण गर्ने प्रयास भइरहे भएपनि सफल हुन नसकिएको छैन ।

नदी नियन्त्रणका लागि स्थानीय जनश्रमदान र सरोकार भएका निकायले तारजालीको व्यवस्था गरी कटान रोक्ने प्रयास गरे पनि प्रभावकारी नभएको वडाध्यक्ष थकालीले बताउनुभयो। टुकुचे बस्ती तथा स्याउबारीका संरचना जोगाउन थासाङ गाउँपालिका र गाउँलेले चार वटा डोजर परिचालन गरी नदी नियन्त्रण गर्ने निरन्तर पहल गरिरहका छन् ।

बर्सेनि वर्षायामको समयमा लेदो र गेग्रानसहितको नदीजन्य पदार्थले नदी सतहको उकास बढ्दै जाँदा कालीगण्डकी नदीले धार परिवर्तन गर्ने गरेको वडाध्यक्ष थकालीले बताउनुभयो। नदी कटान रोक्ने प्रयास गरिएकाले केही नियन्त्रण भएको उल्लेख गर्दै उहाँले कटान पूर्ण रूपमा रोक्न स्थायी पूर्वाधार आवश्यक रहेकामा जोड दिनुभयो ।

# नेपाललाई विश्व समुदायले क्षतिपूर्ति दिनुपर्छ : पोखरेल



काठमाडौं। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले भोटेकोशी बाढीको समस्या सिर्जना गर्नेहरूबाट नेपालले क्षतिपूर्ति पाउनुपर्ने बताउनुभएको छ ।

एमाले विशेष सङ्गठन कमिटीद्वारा पार्टी कार्यालय च्यासलमा आयोजित एक कार्यक्रम मा महासचिव पोखरेलले जलवायु परिवर्तनमा महत्वपूर्ण भूमिका रहेका औद्योगिक राष्ट्रबाट हिमाली मुलुक नेपालले क्षतिपूर्ति पाउनुपर्ने मा जोड दिनुभयो । "विकसित देशहरुले ठूलाठूला उद्योग र आणविक भट्टीबाट कार्बन उत्सर्जन बढी भई वातावरण परिवर्तन भइरहेको र त्यसको मार नेपाल जस्ता विकाशिल देशहरुमा परेको छ। त्यसबाट हिमाली मुलुक नेपाल प्रभावित भई बर्सेनि ठूलो धनजनको नोक्सान बेहोर्नुपरेको छ", महासचिव पोखरेलले भन्नुभयो । उहाँले पार्टीका नेता तथा जनसङ्गठनहरु बाढी गएसँगै प्रभावित क्षेत्रमा पुगी उद्धार तथा राहत वितरणलाई प्राथमिकतामा राखेर अहोरात्र खटेको बताउनुभयो ।

# भारतीय मूलका चार अष्ट्रेलियन नागरिक सम्पर्कविहीन

काठमाडौं। भोटेकोशी नदीमा यही भदौ १० गते गएको बाढीमा परेर भारतीय मूलका चार जना अष्ट्रेलियन नागरिक सम्पर्कविहीन भएका छन् ।

रसुवाको धुन्चेबाट मान-सरोवर जाने क्रममा भारतीय मूलका चार जना अष्ट्रेलियन नागरिक सम्पर्कविहीन भएका हुन् । सम्पर्कविहीन हुनेमा ५१ वर्षीय श्रीधरण अयर, ४९ वर्षीया लक्ष्मीश्रीधरण अयर, २१ वर्षीय रुद्र श्रीधरण अयर र २३ वर्षीय रिसब श्रीधरण अयर सम्पर्कविहीन हुनुभएको हो । भारतको केरला राज्यबाट आफन्तको खोजी गर्दै रसुवा आउनुभएका रञ्जित श्रीधरणले आफ्ना चार जना आफन्त सम्पर्कविहीन भएकाले खोजी गरिदिनुहुनका लागि अनुरोध गर्नुभयो। उहाँले आफ्ना हराइरहेका आफन्तको अन्तिमपटक मोबाइल 'लोकेसन' रोयल हिमालयन होटेल स्याफ्रुवेंसी देखिएको जानकारी दिनुभयो । "सम्पर्कविहीन भएका चारै जनाका बारेमा अझैसम्म कुनै पनि जानकारी प्राप्त गर्न सकिरहेका छैनौं", उहाँले भन्नुभयो, "आफ्ना आफन्तको अवस्थाका बारेमा जानकारी नहुँदा हामी विक्षिप्त भएका छौं । आ-आफ्नो ठाउँबाट खोजी गरिदिनुहुनका लागि अनुरोध गर्दछौं ।"

नेपाल टेलिकम रसुवाका प्राविधिक नन्दकुमार कोइरालाले भारतीय मूलका अष्ट्रेलियन नागरिकको खोजी कार्यमा सहयोग गरिदिनुहुनका लागि सबैसँग अनुरोध गर्नुभएको छ। "रसुवाको बाढीपछि सम्पर्कविहीन हुनुभएका अयर परिवारका आफन्त रसुवामा खोजी गर्दै आइरहनुभएको छ", उहाँले भन्नुभयो, "हामीले स्थानीयस्तरमा आवश्यक खोजीको लागि सहजी करण गर्दै आइरहेका छौं ।"

# वैदेशिक रोजगारीबाट फर्किएकालाई वृत्ति मार्गनिर्देशन सेवा

काठमाडौं । शिक्षा तथा खेलकुद मन्त्रालयले विद्यार्थी, युवा, कामदार तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई लक्षित गरी 'वृत्ति मार्गनिर्देशन सेवा' सञ्चालन गर्ने भएको छ । शिक्षा ऐन, २०२८ को दफा १९ (क) ले दिएको अधिकार प्रयोग गरी 'वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन निर्देशिका, २०८३' जारी गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सचिव चूडामणि पौडेलद्वारा प्रमाणित निर्देशिकाले विद्यालयमा कक्षा ८ वा सोभन्दा माथि अध्ययनरत विद्यार्थी, युवा, कामदार र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई लक्षित वर्गका रूपमा परिभाषित गरेको छ । उहाँहरूको रुचि, खुबी, क्षमता तथा सबल पक्ष पहिचान गरी उपयुक्त वृत्ति विकल्प छनोटमा सहयोग गर्ने व्यवस्था निर्देशिकामा गरिएको छ।

निर्देशिकाअनुसार विद्यार्थी तथा युवाको क्षमता र रुचि मूल्याङ्कन गरी उपयुक्त विषय, पेसा तथा वृत्तिपथ छनोटका लागि मार्गनिर्देशन तथा परामर्श सेवा उपलब्ध गराइनेछ। त्यसका लागि साइकोमेट्रिक परीक्षणलगायतका विधि र उपकरण प्रयोग गरी 'करिअर लेखाजोखा' गरिने व्यवस्था छ ।

साधारण शिक्षा तथा प्राविधिक एवं व्यावसायिक शिक्षा र तालिममध्ये उपयुक्त विकल्प छनोट गर्न तथ्यमा आधारित परामर्श प्रदान गर्ने, विद्यार्थी तथा युवालाई वृत्ति योजना र रोजगारी एवं उद्यमशीलता सम्बन्धी मार्गनिर्देशन दिने निर्देशिका मा उल्लेख छ।

त्यस्तै, कामको खोजीमा रहेका युवा, विद्यार्थी तथा कामदारको विवरण, सीपसम्बन्धी विवरण (प्रोफाइल) तथा शैक्षिक र तालिम संस्थाको तथ्याङ्क सङ्कलन, विश्लेषण तथा अभिलेखन गरिनेछ। श्रमबजार सूचना प्रणालीका आधारमा शैक्षिक संस्था, पेसा तथा वृत्तिसम्बन्धी जानकारीसमेत अद्यावधिक गरिने व्यवस्था छ।

वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा बेरोजगार युवाको सीप र क्षमताको मूल्याङ्कन गरी रोजगारी तथा स्वरोजगारीका अवसरसम्बन्धी लक्षित परामर्श उपलब्ध गराउने व्यवस्था पनि निर्देशिकामा छ । श्रमबजारमा प्रवेशका लागि आवश्यक 'करिअर' व्यवस्थापन सीप, व्यक्तिगत विवरण तयारी तथा अन्तर्वार्तासम्बन्धी सीप विकासका लागि अभिमुखीकरण, तालिम र अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयदेखि श्रमबजारसम्मको सङ्क्रमण सहज बनाउन औद्योगिक अवलोकन, उद्यमशीलता विकास, व्यावसायिक योजना तयारी, इन्टर्नसीप तथा 'जब स्याडोइ' जस्ता कार्यक्रमसमेत सञ्चालन गरिने निर्देशिकामा उल्लेख छ। वृत्ति, सीप, रोजगारी तथा जीवनपर्यन्त सिकाइसम्बन्धी सूचना तथा सामग्रीलाई डिजिटल माध्यमबाट उपलब्ध गराउने र लक्षित वर्गको पहुँच विस्तार गर्ने व्यवस्था पनि गरिएको छ। वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनका लागि शिक्षा तथा खेलकुद मन्त्रालय का सचिवको संयोजकत्वमा निर्देशक समिति रहने व्यवस्था छ। समितिमा शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् तथा मन्त्रालयका सम्बन्धित पदाधिकारी र एक जना विज्ञ रहनेछन् । सेवा प्रभावकारी रूपमा सञ्चालन गर्न शिक्षा विभागमा 'वृत्ति मार्गनिर्देशन समन्वय एकाइ' रहनेछ।

उक्त एकाइले लक्षित वर्गको व्यक्तित्व, क्षमता र रुचिअनुसार उपयुक्त वृत्तिक्षेत्र तथा वृत्तिपथ पहिचानमा सहयोग गर्नेछ । निर्देशिकाले निजी क्षेत्र तथा विभिन्न सङ्घसंस्थाबाट प्रदान गरिने वृत्ति मार्गनिर्देशन तथा परामर्शसम्बन्धी गतिविधिलाई सहजीकरण, व्यवस्थापन तथा नियमन गर्ने तथा सेवा प्रदायक र सेवाग्राहीबीच अनुभव आदान-प्रदानका लागि आवश्यक प्लेटफर्म विकास गर्ने व्यवस्था पनि गरेको छ।

स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई समेत उनीहरूले अध्ययन गरेको विषय, रुचिको क्षेत्र, व्यक्तिगत क्षमता तथा दक्षताको मूल्याङ्कनका आधारमा रोजगारी र स्वरोजगारीका अवसर तथा सम्भावनाबारे मार्गनिर्देशन र परामर्श प्रदान गरिने निर्देशिकामा उल्लेख छ।

# मानव बेचबिखन तथा ओसारपसारमुक्त समाज निर्माणका लागि सहकार्य आवश्यकः प्रधानमन्त्री

काठमाडौं । प्रधानमन्त्री बालेन्द्र शाहले मानव बेचबिखन तथा ओसारपसारमुक्त समाज निर्माणका लागि सङ्घ, प्रदेश र स्थानीय तहसहित सबै सरोकार भएका निकायबीच सहकार्य आवश्यक रहेको बताउनुभएको छ।

मानव बेचबिखनविरुद्धको २०औं राष्ट्रिय दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै प्रधानमन्त्री शाहले मानव बेचबिखन मानवसभ्यताकै कलङ्का रूपमा रहेको बताउँदै यो सङ्गठित अपराधका रूपमा विश्वभर फैलि रहेकाले यसलाई रोक्न सरोकार भएका निकायबीच सहकार्य र समन्वय आवश्यक पर्ने उल्लेख गर्नुभयो ।

'प्रविधिको सही प्रयोग र सजगताः मानव बेचबिखनरहित राष्ट्र निर्माणमा ऐक्यबद्धता' भन्ने नाराका साथ दिवस मनाएको छ। प्रधानमन्त्री शाहले प्रविधिको विकाससँगै मानव बेचबिखन तथा ओसारपसारको प्रवृत्ति, प्रकृति, स्वरूप र गन्तव्यमा समेत परिवर्तन आइरहेको बताउनुभयो । उहाँले मानव बेचबिखन तथा ओसार-पसारको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धता अनुरूप नीतिगत तथा संस्थागत सुधार गर्दै आएको जानकारी दिनुभयो। यसका लागि तीनै तहको सरकार र सम्बन्धित सबै सरोकार भएका निकायको समन्वय तथा सहकार्यमा विभिन्न पहल भइरहेको उहाँको भनाइ छ । प्रधानमन्त्री शाहका अनुसार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई 'पालेर्मो प्रोटोकल'अनुकूल हुने गरी संशोधन गर्ने विधेयक संसद्मा दर्ता गरिएको छ। यसबाट मानव बेचबिखन तथा ओसारपसारबाट पीडितको अन्तरराष्ट्रियस्तरमा मानव अधिकार संरक्षणका लागि राज्यहरू बीच सहयोग र समन्वय बढाउन सहज हुने अपेक्षा गरिएको छ।

विद्यमान कानुनी तथा संस्थागत संयन्त्रलाई सङ्घीय संरचनाअनुरूप बनाउने क्रममा मानव बेचबिखनविरुद्धको नीति जारी गरी कार्यान्वयनमा ल्याइएको प्रधानमन्त्री शाहले जानकारी दिनुभयो। मानव बेचबिखन विरुद्धको अभियान मा सङ्घीय सरकारका अतिरिक्त प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार र अन्य सरोकार भएका निकायको सहकार्य अपरिहार्य रहेको बताउनु भयो। "हाम्रो साझा पहल र संयुक्त प्रयासले मात्र मानव बेचबिखनमुक्त समाज बनाउन सम्भव हुनेछ", प्रधानमन्त्री शाहले सन्देशमा उल्लेख गर्नुभएको छ।

# पहिरोले कर्णाली करिडोर अवरुद्ध

बाजुरा । गए रातिदेखि परेको अविरल वर्षापछि आएको पहिरोले कर्णाली करिडोर सडकखण्ड अवरुद्ध भएको छ । बाजुराको जगन्नाथ गाउँ पालिका-५ भुकाह खोलामा पहिरो खसेपछि सडक अवरुद्ध भएको हो। जिल्ला प्रहरी कार्यालय बाजुराका सूचना अधिकारी एवं प्रहरी निरीक्षक गगनसिंह भाटका अनुसार हिमाली गाउँपालिका-७ बाधु र जगन्नाथ गाउँपालिका-५ मा माथिबाट आएको पहिरोले सडकखण्ड अवरुद्ध भएको छ । कर्णाली करिडोरअन्तर्गत बाधुमा आएको पहिरो पिएस कन्स्ट्रक्सनको जेसिबी प्रयोग गरी हटाएर खुलाइए पनि जगन्नाथको भुकाह खोलामा पनि पहिरो खस्दा सडक अवरुद्ध भएको छ। सडक अवरोध खुलाउन प्रहरीचौकी जुडीबाट प्रहरी सहायक निरीक्षक रमेश रावलको कमाण्डमा तीन जनाको प्रहरी टोली घटनास्थल मा खटिएको छ । सडक अवरुद्ध हुँदा गन्तव्य स्थानतर्फ जाने सवारीसाधन बाटोमा रोकिएका छन्। अहिले जगन्नाथ गाउँपालिकाको जेसिबी प्रयोग गरेर सडक खुलाउने प्रयास भइरहेको छ।

# एक हजार ३४४ शव फेला, खोज तथा उद्धार जारी

काठमाडौं। रसुवास्थित भोटेकोशी नदीमा भदौ १० गते आएको विनाशकारी बाढीमा परी मृत्यु भएकामध्ये हालसम्म एक हजार ३४४ जनाको शव फेला परेको छ भने चार हजार ८९८ जना अझै सम्पर्कविहीन छन् । प्रहरी प्रधान कार्यालय नक्सालले शनिबार बिहान सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार फेला परेकामध्ये ५२ बालक, ३३ बालिका, २६९ महिला, ४८९ पुरुष तथा ५०१ वटा शव चिन्न नसकिने अवस्थाका फेला परेका नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महा-निरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार अझै चार हजार ८९८ जना सम्पर्क विहीन छन् । सम्पर्कविहीनमध्ये स्वदेशी पुरुष दुई हजार ४४८, महिला ४८२, फोनमा टिपाइएका एक हजार ३५० तथा विदेशी नागरिकतर्फ पुरुष २७४ र महिला ३४४ जना रहेका हरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिनुभयो। बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी तथा उद्धार कार्यलाई सुरक्षा निकायले निरन्तरता दिइरहेको प्रहरीले जनाएको छ । फेला परेकामध्ये एक हजार ३० शव सुरक्षित रूपमा जमिनमा गाडेर व्यवस्थापन गरिएको छ भने बाँकी शवको पहिचान तथा व्यवस्थापन प्रक्रिया अघि बढाइएको छ ।

बाढीपछि हालसम्म आठ हजार ६३१ जना घाइतेको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये तीन हजार ६५५ जनालाई सुरक्षित रूपमा होल्डिङ सेन्टरमा राखिएको हरी नायब महानिरीक्षक काफ्लेले बताउनुभयो। यसैगरी मृतक एक हजार २६० जना तथा मृतकका आफन्त ९७२ जना गरी दुई हजार २३२ जनाको डिएनए नमुना सङ्कलन गरिएको छ । बेपत्ताको पहिचान तथा शवको सनाखतका लागि डिएनए नमुना सङ्कलनलाई प्राथमिकताका साथ अघि बढाइएको प्रहरीले जनाएको छ।

प्रत्यूष-नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com, Website: epratyush.com